**गाउँसभा सदस्य ज्यूहरु,**

नेपालको संविधान जारी भए पश्चात् दोस्रो पटक स्थानीय तहको निर्वाचन सम्पन्न भइसकेको छ । यो सुखद् घडिमा हामी आज स्थानीय सरकारको दोस्रो कार्यकालको पहिलो आर्थिक वर्षको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने क्रममा छौं । यस गरिमामय सभा समक्ष उत्तरगया गाउँपालिकाको आ.ब. २०७९।०८० को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई गर्वको अनुभूति भएको छ ।

- यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिसम्मको विभिन्न समयमा आफ्नो ज्यान उत्सर्ग गर्नुहुने सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

**सभाका सदस्य ज्यूहरु**

- निकै अप्ठ्यारा परिस्थितिलाई छिचोल्दै उत्तरगया गाउँपालिकालाई यो अवस्थासम्म ल्याई पुर्‍याउन योगदान गर्ने पूर्व जनप्रतिनिधिहरु र सरोकारवालाहरु सबैलाई विशेष धन्यबाद दिन चाहन्छु ।
- हाम्रा आवश्यकताहरु अनगिन्ति भए पनि हामीसँग रहेको सिमित श्रोत साधनलाई अधिकतम उपयोग गरि स्थानीय जनसमुदायको आवश्यकतालाई परिपुर्ति गर्न स्थानीय सरकारको कर्तव्य रहेकोले त्यस तर्फ प्रयत्नरत रहन हामी सचेत रहेका छौं ।
- नेपालले वि.सं. २०८७ (सन् २०३०) भित्र दिगो विकासको लक्ष्य प्राप्त गर्ने एवं मध्यम आय भएको मुलुकमा स्तरोन्नति हुने लक्ष्य लिएको हुनाले हामीले पनि सोही लक्ष्य प्राप्तिमा सहयोगी हुनेगरी विकासका क्रियाकलापहरु सञ्चालन गर्नुपर्ने तथा आम नागरिकहरुलाई आय आर्जनसँग जोड्ने गरी कार्यक्रमहरु तय गर्नुपर्नेछ ।

## १. शिक्षा

- मानव पुजी निर्माण, सामाजिक रुपमान्तरण र आर्थिक विकास सहितको आधुनिक समाज निर्माण गर्न गाउँपालिकाको अधिकार क्षेत्र भित्र पर्ने आधारभुत र माध्यमिक शिक्षालाई उच्च प्राथमिकता दिएको छु । प्रारम्भिक बालबिकास कक्षा र कक्षा १ लाई प्रविधि मैत्रि बनाइनेछ । शैक्षिक पुर्वाधारको विकास, दक्ष जनशक्ति एवं शिक्षण सामाग्रीको व्यवस्था र नविनतम प्रविधिको प्रयोग गरी गुणस्तरिय र जीवन उपयोगी शिक्षाको सुनिश्चिता गरिनेछ ।
- प्राविधिक जनशक्ति निर्माणको लागि गाउँपालिका भित्रका आर्थिक रुपमा विपन्न, जेहन्दार विद्यार्थीहरुलाई प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् अन्तर्गत डिप्लोमा तहको अध्ययनको लागि प्रतिवडा तीन जनाको दरले बार्षिक पन्ध्र जनालाई छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
- यस गाउँपालिकाका प्रत्येक वडाबाट वीस जनाको दरले एक वर्षमा एक सय जनालाई CTEVT सँगको सहकार्यमा ३ महिने छोटो अवधिको स्वरोजगार मुलक तालिम सञ्चालन गरिनेछ ।
- वालविकास केन्द्र र कक्षा १ लाई व्यवस्थित र प्रभावकारी ढंगबाट संचालन गर्न डिजिटल कक्षाको लागि Creative Learning मा आधारित शिक्षण कार्यक्रम सञ्चालन गरिनेछ

- वालविकास सहजकर्ता, विद्यालय सहायक, विद्यालय सहयोगी, गाउँपालिका अनुदानका शिक्षक कर्मचारीको मनोवल उच्च पार्न शिक्षक कर्मचारी उपदान कोषको व्यवस्था गरिनेछ।
- विपन्न विद्यार्थीहरुलाई कमाउदै पढ्दै कार्यक्रम अन्तर्गत विद्यार्थी अनुदान तथा उत्प्रेरणा कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालयमा सुत्केरी विदा, लामो समयको विरामी विदा, अध्ययन विदा, योग्यता पुगेका शिक्षकको अभाव आदि कारणबाट हुने शैक्षिक क्षति न्युनिकरण गर्न सट्टा शिक्षकको व्यवस्था गरिनेछ।
- योजनाबद्ध शिक्षण र सिकाई उपलब्धि बृद्धि गर्ने उद्देश्य अनुरुप प्रत्येक शिक्षकहरुलाई दैनिक कार्ययोजना निर्माण र कार्यान्वयन प्रयोजनार्थ ढाँचा सहितको एक डायरी वितरण गरिनेछ।
- विद्यार्थीको आन्तरिक क्षमता वृद्धि गर्न आधारभुत तथा माध्यमिक तह स्तरीय अतिरिक्त क्रियकलापहरु सञ्चालन गरिनेछ। राष्ट्रपति रनिङ सिल्ड कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिकाका विकट ठानिएका क्षेत्रहरुमा सञ्चालित विद्यालयहरुमा कार्यरत वडा बाहिरका शिक्षकहरुलाई दिदै आएको प्रोत्साहन रकमलाई निरन्तरता दिइनेछ।
- विद्यालय र शिक्षकहरुलाई तालिमको व्यवस्था गरी क्षमता अभिवृद्धि गरिनेछ। शिक्षक, विद्यार्थी, विद्यालय प्रशासन र अविभावकहरुको समन्वयमा नमुना विद्यालयको रुप्रमा विकास गर्न प्रोत्साहन गरिनेछ।
- शिक्षकलाई सेवा प्रति उत्साहका साथ समर्पित गराउन र विद्यार्थीलाई अध्ययनमा उत्प्रेरित गर्न उत्कृष्ठ शिक्षक र विद्यार्थीलाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालय शिक्षामा पारदर्शी सुशासन, जवाफदेहिता र उत्तरदायित्व प्रवर्द्धन गर्न विद्यालय अनुगमन, र सुपरिवेक्षणलाई प्रभावकारी बनाइनेछ।
- आधारभुत तहका शिक्षहरुको लागि एकिकृत पाठ्यक्रम तालिमको व्यवस्था गरिनेछ।
- गाउँपालिकाका सबै विद्यालयहरुमा स्काउट स्थापना गरी शैक्षिक वातावरणलाई सुदृढ बनाइनेछ।
- राज्यले शिक्षा क्षेत्रमा ठूलो लगानी गरेको छ। यद्यपी लगानी अनुसार प्रतिफल प्राप्त भइरहेको छैन। सरकारी विद्यालयहरुको गुणस्तर लगानीको तुलनामा अत्यन्त कमजोर रहेको छ। सरकारी विद्यालयहरुको गुणस्तर सुधार गर्न शिक्षकहरुको क्षमता अभिबृद्धि गर्नुका साथै विद्यालयहरुलाई आवासीय संरचनामा विकास गर्न सुरुवात गरिनेछ।

## २. स्वास्थ्य सेवा

- विगत केही समय अघि देखि कोभिड महामारीको कारणले करिब दुई बर्ष आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक तथा विकास र सेवा प्रवाहका सम्पूर्ण कार्यहरुमा बाधा उत्पन्न भएको थियो। प्रतिकुल समयका बाबजुत यस गाउँपालिका भित्र विकास निर्माणका कामहरु सम्पन्न भएका छन्।
- गाउँपालिका भित्रका सबै सरकारी तथा निजि स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन नियमन र अध्याबधिक गरी बाह्रै महिना गुणस्तरिय आधारभुत सेवाको प्रत्याभुति गरिनेछ।

- यस गाउँपालिकामा आँखा केन्द्र सञ्चालन गर्न तिलगंगा आखा केन्द्रसँग सम्झौता गरिसकेको र उक्त आँखा केन्द्र छिट्टै सञ्चालनमा ल्याइनेछ ।
- डाडाँगाउँ स्वास्थ्य चौकी, ठुलोगाउँ स्वास्थ्य चौकी र लहरेपौवा स्वास्थ्य चौकमा विशेषज्ञ डाक्टर सहितको टेलिमेडिसिन सेवा सञ्चालन गरिनेछ ।
- वोगटीटार स्थित सामुदायिक स्वास्थ्य इकाई केन्द्रमा फिजियोथेरापी सेवा सञ्चालनमा ल्याइनेछ ।
- गाउँपालिका भित्र रहेका विपन्न नागरिकको पहिचान गरी आवश्यक कानून निर्माण गरेर निःशुल्क स्वास्थ्य बिमा गरिनेछ ।
- गाउँपालिका भित्रका स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य ईकाई तथा ल्याबको स्तरोन्नती गरिनेछ ।
- स्वास्थ्य तथा आयुर्वेद शाखाका अलग अलग शिविरहरु मार्फत नागरिकलाई स्वास्थ्य सेवा प्रदान गरिनेछ ।
- ज्येष्ठ नागरिकहरुका लागि निःशुल्क स्वास्थ्य जाँच तथा उपचार शिविरको व्यवस्था गरिनेछ ।

## ३. पूर्वाधार निर्माण

- विकासको पूर्वाधारको रुपमा रहेको सडक सञ्जाललाई विस्तार गरी सहज आवागमन, आन्तरिक आर्थिक गतिविधि विस्तार, ग्रामिण उत्पादनलाई वजारसम्मको सहज पहुँच सुनिश्चित गर्न, व्यापार सहजिकरण गर्न, सुविधायुक्त र सुरक्षित सडक पूर्वाधार निर्माणमा जोड दिइनेछ ।
- निर्माणको चरणमा रहेको सडक गुरुयोजनालाई अन्तिम रुप दिई क्रमश कार्यान्वयनमा ल्याइनेछ ।
- शान्तिबजार, पैरेगाउँ, ठुलोगाउँ, डाडाँगाउँ, खड्कु, सिरुचेत, भदौरे सडकको स्तरोन्नती गर्न र कालोपत्रे गर्नको लागि संघीय सरकारसँग पहल गरिनेछ ।
- वोगटीटार, वनुवा, छाप, मनिगाउँ, कर्मिडाडाँ, ढुङ्गे, कालिकास्थान सडकको स्तरोन्नति र कालोपत्रे गर्न संघीय सरकारसँग अनुरोध गरिनेछ ।
- नुवाकोटको सातदोबाटो, ठुलोगाउँ, डाडाँगाउँ, खड्कु, करुमर्‍याङ, तिरु, ठुलोहाकु, बाहुनडाडाँ सडक आयोजनाको उत्तरगया क्षेत्रभित्र पर्ने सडक खण्डको ट्र्याक खोल्ने, स्तरोन्नती गर्ने, र कालोपत्रे गर्न संघीय सरकारसँग अनुरोध गरिनेछ ।
- मनिगाउँ, भलायडाडाँ, कुवापानी, पैरेवेशी सडकको स्तरोन्नति गर्न र कालोपत्रे गर्नको लागि प्रदेश सरकारसँग पहल गरिनेछ ।
- वनुवाडाडाँ, पैरेवेशी सडकको स्तरोन्नति गर्न प्रदेश सरकारसँग अनुरोध गरिनेछ ।
- मैलुङ्ग, गोगने, तिरु सडकको स्तरोन्नती र कालोपत्रे गर्नको लागि निर्माणाधिन जलविद्युत कम्पनीहरुसँग समन्वय गरिनेछ ।
- गाउँपालिका भित्र सञ्चालन भएका अन्य स्थानीय सडकहरुको, क्रमागत रुपमा स्तरवृद्धि गर्दै लगिनेछ ।
- सडकसँग नजोडिएका घरधुरीहरुमा पक्की सिडिबाटो मार्फत सडक सञ्जालहरुसँग जोड्दै लगिनेछ ।

- वित्तीय संघीयता कार्यान्वयन पछिको स्थानीय सरकारको पहिलो अभ्यासको अनुभव र पृष्ठपोषणका आधारमा विकास र सेवा प्रवाहलाई परिमार्जित ढंगबाट अगाडि बढाइने छ। गाउँपालिकाका गौरवका आयोजनाको छनौट गरि सञ्चालन गरिनेछ।

## ४. कृषि तथा पशुपालन

- खाद्य तथा नगदे वालीमा लाग्ने रोग नियन्त्रणका लागि कृषकलाई आवश्यक औषधि वितरणको व्यवस्था गरिनेछ। जलवायु अनुकुलन विउ विजनको अनुसन्धान र विकासमा जोड दिइने छ।
- कृषि तथा पशु बिमा कार्यक्रमलाई अझ प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।
- गाउँपालिका भित्रको माटो परीक्षण गरी माटो अनुकुलन हुने गरी कृषि विउको खोज गरि खेती गर्न कृषकलाई प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ।
- कृषि उपज तथा पशुधनको वजारीकरणका लागि आवश्यक सहजीकरण गरिनेछ।
- गाउँपालिकामा कृषक महिला तथा स्थानीय युवाहरुलाई लक्षित गरि रोजगारमुलक उद्यमशिल र मर्यादित कृषि तथा पशुपालन व्यवसायको विकास गर्नको लागि गाउँपालिकासँगको साझेदारिमा ***"कृषि तथा पशु विकास उद्यमशिलता परियोजना"*** सञ्चालन गरिनेछ।
- गाउँपालिका भित्रका सबै घरहरुमा ***"एक घर एक फलफुलको विरुवा"*** अभियान सञ्चालन गर्दै क्रमश फलफूल खेतीलाई व्यवसायीक बनाइनेछ।
- कृषि गणना गरी एकीकृत तथ्याङ्क अभिलेखमा समावेस गरिनेछ।
- हाम्रो देशको अर्थतन्त्र आन्तरिक पक्षहरु भन्दा बढि बाह्य पक्षहरुबाट प्रभावित छ। पछिल्लो समय रुस र युक्रेनको युद्धबाट नेपालले आयात गर्ने खाद्य लगायतका समाग्रीहरुमा मुल्य बृद्धिको दर उच्च रहेकोछ। यसरी दैनिक उपभोग्य वस्तुहरुको बाह्य देशहरुसँगको परनिर्भरता रहँदाको पिडादायक अवस्थालाई अन्त्य गर्न हामी स्थानीय सरकारले कृषि क्षेत्रमा उल्लेखनीय रुपमा लगानी प्रवर्द्धन गर्नुपर्ने देखिन्छ।

## ५. खानेपानी तथा सरसफाई

- उत्तरगया गाउँपालिकामा स्वच्छ खानेपानीको लागि सबै सरोकारवालाहरुको समन्वयमा ***एक घर एक धारा*** कार्यक्रम क्रमश लागू गरिनेछ।
- सफा सुघर उत्तरगया गाउँपालिकाको रुपमा आम गाउँपालिका वासिहरुले महशुस गर्ने गरी सार्वजनिक निजि साझेदारिमा बजार क्षेत्रको फोहरलाई प्रभावकारी तवरले व्यवस्थित गरिनेछ।

## ६. रोजगार प्रवर्द्धन

- उत्तरगया गाउँपालिकाको वृहत हितलाई ध्यानमा राखी उत्पादनशिल र रोजगारी प्रवर्द्धनको लागि पर्यटन, कृषी तथा पशुपालन, जडिबुटी खेती लगायतको क्षेत्रमा विभिन्न संघ संस्थाहरु, गैर सरकारी

संस्था, दातृ निकाय निजी लगानी कर्ताहरुलाई आकर्षित गरी लगानी मैत्री उत्तरगया गाउँपालिका बनाईनेछ ।

## ७.सामाजिक सुरक्षा

- सामाजिक न्याय कायम गर्न सामाजिक सुरक्षा प्रणालिलाई सुदृढ बनाईनेछ । सरकारको सामाजिक सुरक्षा कार्यक्रम बाट कोही पनि लाभग्राही बञ्चित नहुने गरी प्रभावकारी रुपमा बैकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा कार्यक्रम लागू गरिनेछ ।
- महिला विरुद्ध हुने सबै किसिमका भेदभाव शोषण र हिंसा अन्त्य गरिनेछ । वाल विवाह, वहु-विवाह, जातिय छुवाछुत, सामाजिक कुप्रथा, कुसंस्कार, अन्याय विभेद र अन्धविश्वास अन्त्य गर्न सामाजिक जागरण, सांस्कृतिक सुधार र सचेतना अभियानका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- २०७२ साल बैशाख १२ गतेको विनाशकारी भुकम्प र प्राकृतिक विपदबाट विस्थापित भई हालसम्म पनि स्थायी आवासको व्यवस्था हुन नसकेको परिवारको लागि स्थायी आवासको व्यवस्था मिलाउन सरकारी निकायसँग पहल गरिनेछ ।
- महिला सशक्तिकरण र आर्थिक संबृद्धिको लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- दलित र विपन्न परिवारको सम्बृद्धिको लागि रोजगार सृजना गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र सञ्चालित विद्युत आयोजनाहरुले समुदायमा आधारित भएर खर्च गर्नुपर्ने सामाजिक उत्तरदायित्व अन्तर्गतको हिस्साको उपयोग समुदायको आवश्यकतामा आधारित रहेर परिचालन गर्नका लागि समुदायमा सामाजिक सुरक्षा र संरक्षणका क्षेत्रहरुको पहिचान गरी अधिकतम प्रतिफल प्राप्त गर्न सक्ने गरी गाउँपालिकाबाट आवश्यक समन्वय गरिने छ ।

## ८. सहकारी एवं गरिवी निवारण

- सहकारी क्षेत्रको सिद्धान्तसँग तादाम्यता हुने गरी सहकारी संस्थाहरुलाई अगाडी बढाउनको लागि संस्थागत क्षमता वृद्धि, नियमन र सुशासन प्रवर्द्धन गरिनेछ ।
- सहकारी क्षेत्रलाई नागरिकहरुको रोजगारी तथा जिविकोपार्जनसँग आवद्ध गराउने उद्देश्य पुरा गर्न गाउँपालिका भित्र रहेका सहकारीहरुलाई क्षमता विकास तालिम सञ्चालन गरिनेछ । कृषि सहकारीहरुलाई प्रोत्साहन गरिने छ ।
- गरिब, विपन्न शैक्षिक वेरोजगार र बैदेशिक रोजागारीबाट फर्केका युवाहरुलाई सहकारी संस्था मार्फत कर्जा प्रदान गरी व्यवसाय गर्न उतप्रेरित गरिनेछ ।

## ९. पर्यटन प्रर्बद्धन

- "उत्तरगया" रसुवा जिल्लाको मात्र नभएर देशको नै ऐतिहासिक र धार्मिक महत्वको स्थान हो । धार्मिक ग्रन्थहहरुमा भारतको "बोधगया" को भन्दा उत्तरगयाको महत्व अझ बढी रहेको छ । प्रचार प्रसारको अभाव र आकर्षक पूर्वाधारहरुको निर्माण हुन नसक्दा हामीले नजिकको

तिर्थस्थललाई भुलिरहेका छौं । यस धार्मिक तथा ऐतिहासिक स्थललाई जोड्दै गाउँपालिका भित्र रहेका "भुमेस्थान मन्दिर", भाँगे झरना, घलेगढी, तिरु लगायत स्थानहरुलाई होम स्टे पर्यटन र पर्यटकीय स्थलको रुपमा विकास गर्न पर्यटन गुरुयोजना तयार गरी क्रमश कार्यान्वयनमा ल्याइनेछ ।

- गाउँपालिका भित्र प्रचलनमा रहेका र लोप हुँदै गएका सांस्कृतिक परम्पराहरुको संरक्षण र संबर्द्धन गर्न समुदायलाई प्रेरित गर्न आवश्यक कार्यक्रम अवलम्बन गरिनेछ । सांस्कृतिक सम्पदाको संरक्षण र संबर्द्धन गरी सांस्कृतिक पर्यटन प्रबर्द्धन गर्न सांस्कृतिक महत्व झल्काउने डिजिटल सामाग्री तयार गरि प्रचार प्रसार गरिनेछ ।
- परम्परागत ज्ञान तथा मौलिक सिपमा आधारित लघु तथा घरेलु उद्योग तथा समुहलाई प्रविधि हस्तान्तरण गरिनेछ ।
- वडा नं. १ को तिरु, वडा नं २ को डाँडागाउँ, वडा नं ३ को पैरेगाउँ र वडा नं ४ को ढुङ्गेलाई होमस्टे पर्यटन पूर्वाधारको विकास गरिनेछ ।

## १० युवा तथा खेलकुद

- युवाहरुलाई लक्षित गरि अनुशासन, संस्कृति विकास, शारिरिक तन्दुरुस्तीको लागि खेलकुद कार्यक्रम मार्फत उत्तरगया गाउँपालिकाको पहिचान र प्रतिष्ठाका लागि खेलकुद पूर्वाधार विकास, खेलकुद प्रतियोगिता र प्रशिक्षण कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- खेलकुद कार्यक्रमलाई प्रोत्साहन गरी पर्यटन क्षेत्रसँग आवद्ध गर्ने नीति लिइनेछ ।

**सभाका सदस्य ज्यूहरु,**

- विकासमा निजी क्षेत्र तथा गैर सरकारी क्षेत्रसँगको समन्वयलाई सुदृढ बनाउँदै लगिने छ । सम्पूर्ण विकासका क्रियाकलापमा जनसहभागीतालाई प्रबर्द्धन गर्ने नीति अख्तियार गरिनेछ ।

## ११. विपद् व्यवस्थापन

- विपद् तथा जोखिम न्युनीकरणका लागि विपद् व्यवस्थापन कोष निर्माण गरी आवश्यक पूर्वतयारी, उद्धार तथा राहत र पुनर्स्थापनाका कार्यहरु सञ्चालन गरिनेछ ।
- विपद् जोखिम न्यूनिकरण व्यवस्थापनमा स्थानीय विपद् व्यवस्थापन समितिलाई सक्रिय बनाइनेछ ।
- विपद्को क्षेत्रमा काम गर्ने संस्थाहरुको समन्वयमा गाउँपालिकाको विपद् संवेदनशील क्षेत्रको भौगर्भिक अध्ययन गरी विपद्को संवेदनशील क्षेत्रको पहिचान, पूर्वतयारी, खोज, उद्धार, राहत र पुनर्स्थापना सम्बन्धी कार्यमा सार्वजनिक निजी तथा सामुदायिक क्षेत्र सँगको सहकार्य र समन्वयमा विपद् जोखिम न्यूनिकरणका कार्यक्रम सञ्चालन गरिनेछ ।

- विपद् व्यवस्थापन कोषमा रकम जम्मा गरी विपद् व्यवस्थापनको लागि आवश्यक सामाग्री व्यवस्था गरिनेछ ।
- विपद् व्यवस्थापनको कार्यलाई चुस्त बनाउनको लागि एक जना विपद् सम्पर्क व्यक्तिको व्यवस्थापन गरिनेछ र आवश्यकताका आधारमा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

## १२. सुशासन तथा सार्वजनिक सेवा

- गाउँपालिका भित्रका मुख्य बजार क्षेत्र तथा चोकहरुमा मानवीय गतिविधिहरुको निगरानी राख्न सि.सि. क्यामेरा जडान गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ प्रारम्भ गरिनेछ ।
- पारदर्शीताको प्रबर्द्धन गर्दै सुशासन कायम गर्न आवश्यक ऐन, नियम तथा कार्यविधिहरु तर्जुमा गरिने छ । आवश्यकता अनुसार संसोधन र परिमार्जन गर्ने प्रकृया अगाडि बढाउनुका साथै स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन सूचकहरुमा उत्कृष्ट नतिजा प्राप्त गर्न ध्यान दिइनेछ ।
- गाउँपालिकाको आर्थिक समुन्नतिका लागि गाउँपालिका क्षेत्रभित्र रहेका सम्भाव्य आन्तरिक आम्दानीका श्रोतहरु पहिचान गरी तिनलाई परिचालन गरिनेछ । गाउँपालिकाको प्रशासकीय भवन तथा वडा कार्यालयहरुको भवन निर्माणका लागि जग्गा प्राप्ति लगायतका कार्य तुरुन्त प्रारम्भ गरिनेछ ।
- कृषि तथा पशु उपजको उत्पादनमा आत्मनिर्भर गाउँपालिका, सडकहरुको स्तरोन्नति, प्रत्येक वडामा कम्तिमा ठूला खानेपानी आयोजना मार्फत् खानेपानीको पहुँच बिस्तार, सडक सौर्य बत्तीको बिस्तार, मानव पुँजी निर्माण र रोजगारी सिर्जना, दिगो विकास र वातावरणीय सन्तुलन काय गर्दै संस्थागत सुशासनलाई प्राथमिकतामा राखिनेछ ।
- स्थानीय न्यायिक समितिको क्षमता अभिबृद्धि गर्न आवश्यक तालिम तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ । न्यायिक समितिबाट समयमा नै मुद्दा फर्छ्यौट हुने व्यवस्था गरिनेछ ।
- कार्य सम्पादनलाई प्रभावकारी र नतिजामा आधारित बनाउन प्रमुख प्रशासकीय अधिकृत र सम्पूर्ण कर्मचारीहरु विच कार्य सम्पादन सम्झौता गरी आवधिक समिक्षा गरिनेछ ।
- गाउँपालिकाको रणनीतिक योजना, विषयगत गुरु योजना, आवधिक योजना, मध्यमकालिन खर्च संरचना, परियोजना बैंक, क्षमता विकास योजना निर्माण गरी विकास र सेवा प्रवाहलाई व्यवस्थित तुल्याइनेछ ।
- सार्वजनिक खरिदलाई व्यवस्थित, औचित्यपुर्ण, पारदर्शि बनाउन खरिद गुरुयोजना/खरिद योजना बनाई लागु गरिनेछ ।
- गाउँपालिकाको सेवा प्रवाहलाई व्यवस्थित तथा जनमुखि बनाउने सन्दर्भमा सेवाग्राही सर्वेक्षण नियमित गरिनेछ ।
- योजना प्रणालिलाई पूर्ण रुपमा अनलाइनमा आधारित बनाउन प्रक्रिया अगाडी बढाइनेछ ।
- गुणस्तरीय, किफायती रुपमा काम सम्पन्न गर्ने उपभोक्ता समितिलाई प्रोत्साहन गर्न उत्कृष्ठ उपभोक्ता समिति छनौट गरि पुरस्कृत गरिनेछ ।

- कर्मचारी व्यवस्थापनको लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी लागु गरिनेछ।
- आर्थिक पारदर्शिता तथा वित्तीय अनुशासन कायम गर्न हरेक तीन महिनामा आय र व्ययको व्यहोरा सार्वजनिक गरिनेछ।
- गाउँपालिका अन्तर्गत कार्यरत कर्मचारी मध्ये उत्कृष्ठ कार्य सम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत तथा सम्मानित गरिनेछ।
- योजना तथा राजस्वको नियमित रुपमा चौमासिक समिक्षा बैठक राखिनेछ।
- गाउँपालिका कार्यालय भित्र पुस्तकालयको व्यवस्था गरिनेछ।
- सुशासनको कसिमा पालिका, वडा कार्यालय र जनप्रतिनिधिहरुलाई खरो उतार्न, जनसहभागीता, योजनाबद्ध कार्य प्रणाली, जवाफदेहीता, प्रभावकारी कार्य सम्पादन, सदाचार र उच्च नैतिकतामा जोड दिइनेछ।
- गाउँपालिकामा एकिकृत तथ्याङ्कको व्यवस्थापन प्रणालिलाई प्रभावकारी बनाई लागु गरिनेछ।
- गाउँपालिका भित्रका निर्मित सबै भवनहरुको अभिलेखिकरण गर्ने, नयाँ निर्माण हुने भवनहरुको नक्सा पास गर्ने कार्यलाई अनिवार्य बनाउने र सबै घरहरुलाई गुगलमार्फत घरहरुको नम्बर कायम गरि व्यवस्थित गरिनेछ।
- विकास बजेटलाई उत्पादनशिल क्षेत्रमा विनियोजन गर्न प्राथमिकता दिइनेछ। विकास निर्माणमा अध्ययन, अनुसन्धान र डिजाईन पक्षलाई जोड दिँदै विस्तृत अध्ययन डिजाईन तयार भएपछि मात्र निर्माण प्रकृया थालनी गर्ने प्रणालीलाई संस्थागत गरिनेछ।
- विकास निर्माणमा स्थानीय जनताको अपनत्व कायम गर्न, प्रत्येक बस्तीमा टोल विकास संस्था गठन गरिनेछ। टोल विकास संस्था सम्बन्धी कानुन निर्माण गरी लागु गरिनेछ।
- गैरसरकारी संस्थाहरुसँग साझेदारी गरी परिणाममुखी काम गर्न प्रोत्साहन गरिनेछ। गैरसरकारी संस्थाबाट सञ्चालित कार्यक्रमको नियमन गरी गाउँपालिकाको अनिवार्य स्वीकृति लिने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गरिनेछ।
- आन्तरिक आयमा आउने संकुचन र खर्चमा आउने थप चापलाई व्यवस्थापन गर्न आगामी बर्ष प्रशासनिक खर्चमा मितव्ययिता अपनाइनेछ।
- सेवाग्राहीलाई सहज तवरले सेवा प्रदान गर्न गाउँपालिका कार्यालय परिसरमा सहायता कक्ष स्थापना गरिनेछ।

## १३. सञ्चार तथा सूचना प्रविधि

- सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग बढाई गाउँपालिकाको प्रत्येक क्रियाकलापलाई सूचना प्रविधियुक्त बनाइनेछ।
- सेवा प्रवाहलाई चुस्त र दुरुस्त बनाउन सम्भव भए सम्म भौतिक उपस्थितिबिना नै विद्युतीय माध्यमबाट सेवाग्राहिले सेवा प्राप्त गर्न गाउँपालिकाको छुट्टै मोबाइल एप्लिकेसन तयारी गरी लागु

माधवप्रसाद अर्याल
अध्यक्ष

गरिनेछ । गाउँपालिका अन्तरगतका सम्पूर्ण कार्यालयहरुमा विद्युतीय हाजिरीलाई कार्यान्वयनमा ल्याइनेछ ।

- सूचना प्रविधियुक्त गाउँपालिका बनाउन योजनाबद्ध विकास गरिनेछ ।
- नेपाल टेलिकम लगायत सञ्चार सेवा प्रदायक संस्थाहरुसँग सहकार्य गर्दै गाउँपालिकाको सबै क्षेत्रमा मोवाई नेटवर्कको व्यवस्था गर्न आवश्यक समन्वय र पहल गरिनेछ ।

## १४. वन तथा वातावरण

- वन उपभोक्ता समुहसँगको सहकार्य र समन्वयमा वन संरक्षण वृक्षारोपण, वन विविधिकरण, भूक्षय नियन्त्रण, खाली तथा सामुदायिक वनमा जडिबुटी प्रवर्द्धन जस्ता कार्यक्रम सञ्चालन गरी वन वातावरण तथा भू-संरक्षलाई प्रभावकारी बनाइनेछ ।
- वन्यजन्तुहरुबाट हुने बालिको क्षतिलाई न्यूनिकरण गर्न सरोकारवाला निकायहरुसँगको समन्वयमा नियन्त्रणका उपायहरुको खोजी गरिनेछ ।

## १५. विविध

- गाउँपालिका भित्रका सम्भावित बजारहरुलाई व्यवस्थीत गर्दै नियमित अनुगमन गरी अनुचित मुल्यवृद्धि, कृतिम मुल्य अभाव तथा कालोबजारी नियन्त्रण गर्ने व्यवस्था गरी गुणस्तर परिक्षण उपभोक्ता हित संरक्षमा पर्याप्त ध्यान दिइनेछ ।

**सभाका सदस्य ज्यूहरु,**

आथिक बर्ष २०७९।०८० को यस नीति तथा कार्यक्रमले यस उत्तरगया गाउँपालिकाको समृद्धि र विकासको मार्गचित्र तयार गर्ने व्यवस्थित प्रयासको प्रारम्भ गर्ने आशा लिएको छु । यस नीति तथा कार्यक्रमबाट कृषि क्षेत्रको उत्पादकत्व बृद्धिमा सकरात्मक योगदान पुग्नेछ । नागरिकको सुरक्षा, सामाजिक संरक्षण, शिक्षा र स्वास्थ्य लगायतका सेवालाई सर्वसुलभ रुपमा उपलब्ध गराई सामाजिक न्याय र समानता कायम गर्न मद्दत गर्नेछ । सबैको विश्वास र सद्भाव मार्फत् स्थानीय सरकारको नीति तथा कार्यक्रमको कार्यान्वयनमा सक्रिय साथ र सहयोग प्राप्त गरी ***"समृद्ध उत्तरगया, सुखी उत्तरगयाबासी"*** को दिर्घकालिन सोच पुरा हुनेमा दृढ विश्वास लिएको छु ।

अन्त्यमा, स्थानीय तह मार्फत् संघीय व्यवस्थाको वास्तविक अभ्यासबाट यस गाउँपालिकाको समग्र विकासमा योगदानका लागि निरन्तर खटिनुहुने गाउँपालिकाका जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारी, शिक्षक, राजनीतिक दल, निजी, सहकारी र सामुदायिक क्षेत्र, नागरिक समाज, सञ्चार जगत् लगायत सम्पूर्ण उत्तरगयावासी आमाबुवा, दिदीबहिनी, दाजुभाईहरुबाट सहयोगको अपेक्षा राख्दै हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

राघवप्रसाद अर्याल
अध्यक्ष